# पेमाको पलैंटीः ॐ मणी पद्मे हुँम्

**आभास**

त्यो रानीसित धेरै खेप भेट भयो। तर त्यसको बाहीरी सुन्दरताले मलाई खासै असर पारेको थिएनछ। यही साल। बितेको जनवरीकै दोस्रो दिन थियो सायद। मैले उसलाई फेरि भेट्ने मौका पाएँ। यसपाली भने मलाई उसले अलिक् प्रभावित बनाई। मैले उसलाई छेवैबाट निहार्दा समेत सँधैजसो हुस्सु र कुहिरोमा रुमल्लिएकी हुन्थी। यसपाली भने अलि खुलेकी रै'छ। सहयात्री रसिक दाइलाई भनें– 'यसको यस्तो उज्यालो स्वरुप मैले यस पहिले कहिल्यै देखेको थिइन।' रसिक दाइ आफ्नो नाकतर्फ औंला तेर्साउदै सुस्तरी खुसखुसाउनुहुन्छ–'साथमा को छ ? हेर्नु न!' रसिक दाइको मंगोलमय नाकलाई हेर्छु। फिसिक्क हाँस्छु र अरु नै केही सोच्न थाल्छु। हुनसक्छ रसिक दाइलाई देखेर धेरैको मुहार उज्यालिएको होला तर यो रानीको मुहार आज यसरी खुल्नुमा यी मनुख्खे र यिनको नाकको कुनै हात थिएन। थियो त हेमन्तको करामत थियो। ठण्डीमा कञ्चनजङ्गा यसरी छर्लङ्गै हुनु र 'पहाडकी रानी'को मुहार स्पष्ट देख्न पाउनु। मेरो कैयौंपल्टको यात्रामा जुर्नै नसकेको अवसर थियो। धन्य हेमन्त ! मैले दार्जिलिङलाई पहिलोपल्ट घुम छेउबाटै मज्जाले देखें। बिना योजना थपिँदै गएका भौतिक अलङ्कार र तिनमै जेलिँदै गएको दार्जिलिङ विगतमा साह्है सुन्दर र सफा थियो रे ! उसको विगत चाल्नेहरू भन्छन्– 'अहिलेको यो रुप त चाउरिँदै गएकी पूर्व सुन्दरीको मुहार जस्तै पो हो त!'

त्यो त कुन्नी ? आफ्नो स्वभाव ठाउँको सुन्दरतामा भन्दा मान्छे र तिनको अन्तरमन बुझ्नेमा केन्द्रीत हुनेगर्छ। या भनौं भइरहेको छ। त्यो पनि सङ्गीतका माध्यमबाट। केही समयदेखि दार्जिलिङको नेपाली आधुनिक सङ्गीतलाई बुझ्ने यत्नमा छु। यसपालीको भ्रमण त झन् त्यसकै निम्ति मात्र। हुक्का रोड (हुकर–रोड) हुँदै उकालो छौं। दार्जिलिङको 'हचुमरस' भाष्यशैली सडकमै पनि सुस्पष्ट सुनिन्छ। सुस्तरी हिँडेको भीडतर्फ इङ्गितगर्दै एउटी सुन्दरी बोल्छे– 'आँ हो के स्साहो उँगेको ? तकिया नै दिउँजस्तो।' त्यो ठिटी भीडलाई चिर्दै अघि बढ्छे। हामी हाँसोमा अल्झँदै अघि बढ्छौं। पुग्नु छ सङ्गीतकार मणीकमलको अफिसमा। त्यहीं भेट्ने निधो गरेका छौं दार्जिलिङको चर्चित साङ्गीतिक जमातलाई। ती मध्येमै पर्छन् गायक पेमा लामा। खबर गरेको केही क्षणमै टुप्लुक्क। नाममात्र सुनेको। गायकीसित बिलकुल अनभिज्ञ। मान्छे दार्जिलिङ मिजासकै। भेटेको करीब पाँच–सात मिनेटमै वर्षौं पहिलेको चिनारी झैं। अरुलाई झैं पलैंटीको उद्देश्य व्याख्या गर्छु। स्वीकृति मिल्छ– 'नोभेम्बर महिनामा स्कुलको काम अलि होलो हुन्छ। त्यही ताका कसौं होला पलैंटी ?' ओरालो झर्छौं सँगै। हातमा अंकुशे हाल्दै भन्न थाल्छन्– 'हामी के साहो ढुक्कै नजिक भयौं ! नि ?' गुनगुनाउन थाल्छन्–

*चिनारी हाम्रो धेरै पुरानो भए झैं लागदछ*

पहिलो पल्ट उनको आवाज सुनें। खुलेको कञ्चनजङ्गा जत्तिकै सफा। गीत कस्ता छन्, थाहा छैन। तर स्वरको मीठासमा भने ढुक्क भएँ। स्टुडियो खोलेर झण्डै प्राविधिक भइसकेको मभित्र स्वरको 'टोनर क्वालिटी' बुझ्ने झीनो क्षमता चैं छ कि कसो ? अनुमानको परिणाम राम्रै निस्केका छन्। उनीसित छुटेपछि रसिक दाइलाई सोध्छु– 'होइन हो दाइ यिनले पलैंटी धान्छन् के ?' जवाफ आउछ– 'स्वर त मीठो छ है भाइ!' सोधेको एउटा पाएको अर्कै। मनमनै सोच्छु– 'आँट भएरै त स्वीकृति दिए हुन्। अरुका धेरै कुरा समेत जिम्मामा लिने आफ्नो 'मनोरोग' लाई थुमथुम्याउछु। मन शान्त हुन्छ।'

दश महिना बितेको पत्तै भएन। आयो है पालो पेमाको। नेपालमा एकदम कम सुनिएका गायक। पलैंटी कस्छन् 'आर'शालामा। हातमा वुद्ध–माला छ। मालाको स्वरुप पनि म आफूले भिर्नेजस्तै। गिन्तिसँगै पुकार्छन् सुस्तरी– 'ॐ मानेपेमे हुम्!' हरदम खालखालका जोकमा जोकिनु पर्ने यी भला मानुष, आध्यात्मिक चिन्तनका होलान्। ध्यान गर्लान्। सोचेकै थिइन। तर निष्ठापूर्वक मालाका दानालाई औंलाले केलाउदै ध्यान–मुद्रामा मस्त। पलैंटी घरको वातावरण भने रोमाण्टिक पाराको। मैनबत्तीका मधुर शीखाबाट फैलिएको मन्द किरण। आरीको पानीमाथि तैरिरहेका फूलका रङ्गिन पत्र र तिनबाट फैलिरहेको मधुर सुवास। तर मञ्चमा आशिन वुद्ध–ध्यानी। अनौठो बेमेल। तर मजा। आत्म विश्वास जगाउने अनेक तरिका। यिनको यो शैली साच्चै मन पर्‍यो। नशाले आत्म विश्वास जगाउनुभन्दा यो शैली कैयौं गुना उँचो।

धर्मका नाममा हुने या गर्ने भेदभावप्रति भने कटाक्ष गर्ने गरेको छु। गर्छु। बेलाबखत धर्मभिरुहरु बीचको पानी बारबार देखेपछि, भन्ने पनि गरेको छु– 'धर्म भनेको आफ्ना कमजोरी लुकाउने गुफा मात्र हो। धर्मका दार्शनिक अस्त्र र वस्त्रमा घुस्रेर धेरै थोक गर्न सजिलो हुन्छ।' धर्ममा पसेर आफ्ना अद्भूत कमजोरी लुकाउनेहरुप्रतिको वितृष्णा सायद मेरो। धर्ममा लागेका स्वविवेकीहरुप्रति त कुनै पूर्वाग्रह छैन। मलाई अधिकांश धर्ममा भएका असल दार्शनिक सिद्धान्तसित मोह पनि छ। तर धर्मको नाम र वस्त्र धारण गर्दैमा मान्छे असल भैहाल्छ भन्नेमा विश्वास भने पटक्कै छैन। जे होस् पेमाको ध्यान मलाई मन परिसक्यो। म पनि उनको गायनको सफलताको कामना गर्दै मनमनै जप्छु– 'ॐ मानेपेमे हुम्!'

दार्जिलिङको लेबोङस्थित (हचारिसन हट) हरसिङ हट्टामा जन्मेका उनको सामान्य परिचय प्रस्तुत गर्दै कार्यक्रम थाल्ने अनुरोध गर्छु। सन्दर्भमा आउछन् कुमार सुब्बा, दिव्य खालिङ। पेमाका छिमेकी हुन् ती हस्ती। 'सी मेजर' स्केलमा सुरु हुन्छ पेमाको पहिलो गायन–

*चियाबारीको डिलैडिलमा चिया टिप्ने ठिटीलाई*
*बाँसघारीको बीचै बीचमा दाउरा खोज्ने ठिटालाई*
*तरुनी र तन्हेरीलाई बूढा पाका सबैलाई*
*मेरो माया छ है हजूर म त बाँचे सम्मलाई*
*मेरो हिमाललाई देखेजति प्रणाम*
*मेरो पहाडलाई भेटेजति सलाम*

यहाँ धेरैले पहिलो पल्ट सुन्दै थिए पेमालाई । सुन्नेका मुहार पढ्यो भने प्रष्टै देखिन्थ्यो, उनको मधुर आवाजले मनका ढोकाहरु सुस्तरी ढकढक्याइरहेका छन् । म भने धार्मिक सहिष्णुता खोजिरहेछु फेरि पनि । दिव्य खालिङः क्रिस्च्यानिटीमा विश्वास राख्ने कलाकार । नेपाली पनले ओतप्रोत । क्या गजब कम्पोजिशन यिनको । दिव्यले संसार त्यागिसके तर उनका कृतिको सुगन्ध फैलन छोडेको छैन । छोड्दैन पनि । गम्छु । धन्यवाद उनको क्रिस्च्यानिटीलाई ! सायद चर्चसितको संगतले उनको सङ्गीत संयोजन यति गहकिलो भएथ्यो होला । आखिर धनी भयो त नेपाली भाका नै । २/४ रिदमको गीत टुंगिँदा तालीसँगै आफ्नै मनमा एउटा वाक्यांश गुञ्जे झैँ हुन्छ– 'सलाम दिव्य !'

*धेरै तीता चोटहरू छातीभरि बोकी ल्याएँ*
*थोरै मीठा गीतहरू सुसेलीमा गाउँदै आएँ*

'डी मेजर' स्केलमा पुनः गुञ्जन्छन् पेमा । दिव्य यसमा झनै उज्यालिएका छन् । गम्भीर शब्दमा धुन भर्नुपर्दा 'माइनर' स्केलको सहारा लिने आफ्नै बानीप्रति अन्तरद्वन्द चलमलाउँछ मभित्र । सम्झन्छु त्यतिबेलै पुरुषोत्तम (पुषे) बालाई । थिए अद्‌भूत सहनशील । स्वः अध्ययनले वेदका ज्ञाता । हस्तमुद्रा सहीत वेद पाठमा पोख्त । वडो करुणा झल्कन्थ्यो उनको वाचनमा । त्यस्तै ठूलो मामाको रामायण वाच्ने शैली पनिसम्झन्छु झल्यास्स । पाकिस्तानी गायक गुलाम अलीलाई पहिलोपल्ट सुन्दा मैले आफ्नै मामाको ढप महसुश गरेथें । थाहा छैन त्यस्तो किन भयो । तर भयो । पुषे बाको वेद पाठ 'मेजर' स्केलमा थियो या 'माइनर'मा अनुमान गर्न अपर्याप्त छ मेरो अल्पज्ञान । ठूलो मामाको रमायण वाचनको भने अल्प अनुमान मात्र लगाउन सक्छु, कि त त्यो 'माइनर' स्केलमा थियो या 'ससपेन्स' कर्डमा । गुलामको 'छुप के छुप के' 'माइनर' स्केलमा छ । त्यसैले मामाको रामायणको भाका र गुलामको गायनमा मैले निकटता भेटेको हुनुपर्छ सायद । गीत सुन्दैछु मन भने यसरी बत्तासिँदै छ । कस्तो अचम्म ! आफ्नै पृष्ठभूमि सम्झन्छु र सोच्छु– 'मेरो परिवेश सामान्य हिन्दू । तर मेरो कलाकारितालाई हिन्दूत्वले मात्र धानेको छैन । भनुँ धान्न पनि सक्दैन । यसैले भनियो होला– कलाकारको जात र धर्म हुन्न । धन्य पेमाको वुद्ध–माला । उनले त्यो नजप्दा हुन् त मेरो मनको यात्रा यति विहङ्गम हुन्थेन । म अन्तर मनको यात्राबाट अवतरित हुँदा पेमा गाउँदै नै थिए–

*साँझको घाम डुबी सक्यो*
*यात्रा अझै बाँकी नै छ*
*रात धेरै लम्बी सक्यो*
*यात्रा अझै बाँकी नै छ*

'इ मेजर' स्केलमा औला थामेका पेमा गीतका कम्पोजरबारे भन्दैथिए– 'जन्मैदेखि नेत्रदृष्टि गुमेका यस गीतका सिर्जनाकारले गीत सिकाउदै गर्दा म सामु व्यक्त गरेको इच्छा मलाई अहिले झट्ट सम्झना भो । भन्थे रे– एक–निमेशकै निम्तिमात्र भए पनि संसार झुलुक्क हेर्न पाए कति आनन्दित हुन्थ्यें होला ।' पेमाको माध्यमबाट पारश गजमेरको मनोभाव सुनेपछि गीतका शब्दको ओज र सङ्गीत लाग्छन् झनै गहकिला । आफूले कञ्चनजङ्गालाई घुमबाट छर्लङ्ग देख्दाको क्षणिक आनन्द सम्झन्छु । जो मेरो स्मृतिबाट कमशः धमिलो बन्दै गएथ्यो । तत्कालका लागि कञ्चनजङ्गा नदेखे अरु केही देख्दो हुँ । देख्नेका निम्ति दृश्य अनेक । तर पारशका निम्ति एक–निमेशमात्र भए पनि संसार हेरेर तृप्त हुन पाऊँ भन्ने दृष्टि–भोक । होइन, आज किन यस्तो हुँदैछ ? सुन्दैछु गीत तरङ्गिँदैछु कता कता । पारशले बाहिरी संसार र उज्यालोलाई स्पर्शले मात्र अनुमान गरेका । *'घामको किरणसित परिचय'* खोज्ने मन बोकेर हिँडीरहेका ती । दार्जिलिङको उकाली–ओराली र तिनको असजिलो पाइला चलाइ । मेरो तरङ्गित मन नेत्रहीन पारश हुँदै ध्यान मग्न वुद्धसम्म दौडदै थियो । पेमा गाइरहेकै थिए–

*जलेर खरानी भई जान्छ, जोगीले लाएको त्यो धुनी*
*धुनीको खरानी जस्तै हो मनुख्खे को यो जुनी*

मेरो शृंखलाहीन तरङ्ग अझै अनवरत– देशमा बेला बखत खलबलिएला जस्तो जातीय सहिष्णुता । त्यसैलाई मलजल गरेर उभो लाग्ने दाउमा रहेका राजनैतिक सोच । र अरु पनि के के । पेमा एकतमासले गाइरहेकै थिए । तिनले छानेका शब्दमा भाषा त थियो । तर त्यो त माध्यममात्र । सीमाहीन माध्यम । मानवीय गहिराइ पो थिए त उनका प्रस्तुतिमा । सीमाहीन गहिराइ । एउटै शब्द नबुझ्ने बिभाषी पनि झुमिरहेकै । त्यसै त भनिएन नि– कलाकारको जात र धर्म हुन्न । रोज्न मिल्ने कुरा पो रोज्छ मान्छेले । जीवनमा रोज्नै नमिल्ने कुरा पनि त छन् ।

जति धेरै मान्छे यहाँ त्यति धेरै पहेली
कोही भन्छ चाँप दामी कोही भन्छ चमेली

धन्यवाद पेमा ! मनमा यी तरङ्ग उठाइदिएकोमा– ॐ मणी पद्मे हुँम् ।